" समृद्ध खाँदबारी नगर "

# खाँदबारी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खाँदबारी, संखुवासभा

कोशी प्रदेश, नेपाल

प.सं.: २०८२/०८३

च.नं.: ३११

विषय- प्रस्ताव पेश गर्नेबारेको सूचना

मिति-२०८२।०५।१५

श्री सबै सामुदायिक माध्यमिक विद्यालयहरु

खाँदबारी नगरपालिका संखुवासभा ।

आ.ब. २०८२/०८३ मा संघीय सरकारबाट यस कार्यालयलाई प्राप्त भएको SESP अनुदान शीर्षक अन्तरगत विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानमा विनियोजन भएको बजेटलाई यस कार्यालयको मिति २०८२।०५। ११ को निर्णयबाट विद्यालयमा सूचना प्रविधि प्रयोगशाला स्थापना गर्ने गरी वितरण गर्ने तय भएको ।

सूचना प्रविधि प्रयोगशाला अन्तरगतका सामाग्रीहरु (इन्टराक्टिभ प्यानल बोर्ड, ल्यापटप,डेस्कटप कम्प्युटर, स्मार्ट टि भि ,ई- पुस्तकालय लगायतका अन्य समाग्री) विद्यालयमा ब्यवस्थापन गर्न आवश्यक देखिएका विद्यालयहरुले देहायका विवरण समावेश गरी सूचना प्रकाशन गरिएको मितिले १५ दिन प्रस्ताब पेश गर्नुहुन अनुरोध छ । म्याद नाघी आएका र तपसिलमा उल्लेख गरिएका विषयहरु समावेश नगरिएका प्रस्ताब उपर कार्वाही हुनेछैन ।

तपसिल

१. हाल विद्यालयमा रहेका सामाग्रीहरुको नाम र संख्या
२. आवश्यक सामाग्रीहरुको नामावली र संख्या
३. विद्यालय ब्यवस्थापन समितिको निर्णय
४. अन्य व्यक्ति वा निकायले सहयोग गरेको भए – सामाग्रीको नाम, स्पेसिफिकेशन ,संख्या र मूल्य
५. सूचना प्रविधिको क्षेत्रमा विद्यालयमा भएको जनशक्ति विवरण –
   - नाम
   - तालिम
   - सम्पादन गर्न सक्ने कार्य

नि. प्रमुख प्रशासकिय अधिकृत

फोन नं.: आ.प्र- ०२९-५६०२५०, शिक्षा/आर्थिक- १२१, स्वास्थ्य- ४४१, प्र.प्र.अ- १४१, उपप्रमूख- ३४१, प्रमुख २५४
वेबसाइट: www.khandbarimun.gov.np ईमेल: khandbari.mun@gmail.com